**निर्णय नं. १**

प्रत्येक सरकारी कार्यालय, सार्वजनिक निकाय निजी क्षेत्रका कार्यालय, संघ, संस्थाले आ-आफ्नो कार्यालयको प्रवेश विन्दुमा सहज स्थानमा सेवाग्राहीलाई साबुन/Hand Wash सहितको हात धुने सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २**

सेवाग्राहीलाई सम्झाई बुझाई कार्यालयहरूमा हुने भीडभाडलाई यथासम्भव निरूत्साहित गर्नुका साथै स्वास्थ्य सतर्कता अपनाई यथासम्भव सुरक्षित दुरीबाट सेवा प्रवाह गर्न मातहतका कर्मचारीहरूलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

Flex Print लगायतका विभिन्न माध्यमद्वारा COVID-19 रोकथामका लागि अपनाइनु पर्ने स्वास्थ्य सतर्कता सम्बन्धी जानकारी सबै कार्यालयहरूले प्रचार प्रसार गर्न आवश्यक प्रवन्ध मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

सरकारी कार्यालयहरूमा रहेका सवारी साधनलाई आवश्यक परेको बखत तत्काल प्रयोगमा ल्याउन सकिने गरी चालु हालतमा राख्ने तथा विदाको दिनमा सरकारी सवारी साधन कार्यालय प्रयोजनका लागि चलाउनु पर्ने भएमा जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिनु पर्ने कानूनी व्यवस्थालाई कडाईका साथ पालन गर्ने/गराउने निर्णय गरियो ।

७६।१२।५

प्रमुख जिल्ला अधिकारी